## मिति २०७९/११/२९ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

**निर्णय नं. १ :**

नेपालगंज उप-महानगरपालिका वडा नं. १७ को आ.व. २०७७/७८ को स्विकृत बजेट, योजना तथा कार्यक्रम अन्तर्गत नगरकार्यपालिकाको मिति २०७८/११/१४ को निर्णय नं. २६ बमोजिम को पुरानो डिप बोरिङ पून: संचालन गर्ने सो कामको मुख्य जिम्मेवारीमा रहेका श्री तेज विक्रम शाह (ना.प्र.नं. ३१६९३) र कार्यालयको तर्फबाट योजना शाखा प्रमुख श्री ब्रज भुषण झा विच मिति २०७८/०३/२५ मा काम सम्पन्न गर्ने गरी सम्झौता सम्पन्न भएकोमा हालसम्म म्याद थप नभएको देखिएको र निज तेज विक्रम शाहले सो को भुक्तानी माग गरेकोमा कार्यालयको मिति २०७९/०९/०१ मा निवेदन दर्ता भएको देखिएता पनि नगर स्तरीय अनुगमन समितिबाट काम भएको भन्ने प्रतिवेदन प्राप्त भएको समेत बाट निजले काम सम्पन्न गरेको नै देखिएको हुँदा प्राविधिक मूल्यांकन र विल भर्पाईका आधारमा भुक्तानी दिने गरी २०७९ मंसीर सम्म म्याद थप गरिदिने निर्णय गरियो ।

**निर्णय नं. २ :**

स्थानीय स्तरमा जनताको घर दैलोमा सेवा सुविधा पुऱ्याउनु स्थानीय तहको दायित्व रहेको हुँदा सोहि अन्तर्गत नेपालगंज उप-महानगरपालिकामा समुदाय स्तरमा ज्येष्ठ नागरिकहरुको स्वास्थ्य परिक्षण नेपालगंज मेडिकल कलेजको समन्वयमा विशेषज्ञ चिकित्सक सहितको मेयर सँग ज्येष्ठ नागरिक कार्यक्रम वडा स्तरमा स्वास्थ्य संस्थाहरु मार्फत संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

नेपालगंज उप-महानगरपालिकाको विपद् जोखिम न्युनीकरणको लागी बिमा सम्बन्धि कार्यविधि, २०७९, नेपालगंज उप-महानगरपालिकाको वालगृह संचालन सम्वन्धि कार्यविधि, २०७९, नेपालगंज उप-महानगरपालिकाको अपाङ्गता अधिकार प्रवर्द्धन कोष संचालन कार्यविधि, २०७९, नेपालगंज उप-महानगरपालिकाको मर्मत संभार कोष संचालन कार्यविधि, २०७९ र नेपालगंज उप-महानगरपालिकाको कन्टिन्जेन्सी रकम खर्च सम्वन्धि कार्यविधि, २०७९ तर्जुमाका लागि सहमती प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

नेपालगंज उप-महानगरपालिका अन्तर्गत सामाजिक विकास समिति मार्फत पेश भएको अपाङ्ग समन्वय समितिको प्रस्ताव अनुसार कर्मचारी पदपूर्ति वाहेकको अन्य कार्यलाई स्विकृत गर्ने तथा सांकेतिक भाषाको कर्मचारी आवश्यक परेको अवस्थामा आवश्यकतामा आधारित रहेर सो प्रकृतिको सेवा लिने निर्णय गरियो ।

**निर्णय नं. ५ :**

नेपालगंज उप-महानगरपालिकालाई प्रतिवादी बनाई दायर गरिएका मुद्दामा वकालत गरे वापत भुक्तानी गर्नुपर्ने पारिश्रमीकको सम्बन्धमा नेपालगंज उप-महानगरपालिकाका कानूनी सल्लाकारको राय माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :**

नेपालगंज उप-महानगरपालिकाको “घ” वर्गको निर्माण व्यवसायीको इजाजत सम्बन्धि कार्यविधि, २०७५ बमोजिमको “घ” वर्गको निर्माण व्यवसायी इजाजतको लागी पेश हुन आएको अदानचुली कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., ने.ग. ०१ बाँकेलाई “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

CamScanner

## मिति २०७९/११/२९ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

**निर्णय नं. ७ :**

नेपालगंज उप-महानगरपालिका क्षेत्रमा बालश्रमको अवस्था र अपाङ्गता भएका व्यक्तिहरुको अवस्था अद्यावधिक गर्न तथ्याङ्क संकलनका लागी स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :**

नेपालगंज उप-महानगरपालिका जनप्रतिनिधिहरुको विमा, औषधी उपचार तथा विमा सम्बन्धी कार्यविधी, २०७५ बमोजिम जनप्रतिनिधिहरुको काज किरिया खर्च वापत रु.२५०००।- (पच्चीस हजार मात्र) रहेकोमा सो रकमलाई बढाई रु.१०००००।- (अक्षरुपी एक लाख मात्र) पुऱ्याउने निर्णय गरियो ।

**निर्णय नं. ९ :**

नेपालगंज उप-महानगरपालिकाको आ.व. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत प्रदेश समपूरक अनुदानको नाली सरसफाई तथा मर्मत सुधार वडा नं. १ देखि २३ को योजनामा रु ५० लाख प्रदेश सरकारबाट र रु ५० लाख नेपालगंज उप-महानगरपालिकाबाट व्यहोर्ने गरी जम्मा रु १ करोड विनियोजित भएको हुँदा उक्त कार्य गर्नका लागी सुर्खेत रोडबाट पूर्वतर्फ पासाङ्ग ल्हामु मार्गको प्रवेश बिन्दुमा नाला मर्मत र निर्माण गर्ने, वडा नं. ८ स्थित रङ्गशाला जाने बाटोको नाला मर्मत गर्ने, वडा नं. १८ भाटभटेनी पूर्वतर्फको नाला मर्मत, रामलिला मैदान नजिकै नापी कार्यालय अगाडि नाला मर्मत र निर्माण अन्य भत्किएका नालाहरु मर्मत र निर्माण गर्ने साथै फुटेका ढक्कनहरु मर्मत र निर्माण गर्नको लागी रु ६० लाख र ठुला तथा साना नाला सरसफाईको लागी रु ४० लाख छुट्ट्याई तपशिल अनुसारको योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

**तपशिल**

1. Drain Cleaning Project, Cleaning Drain (Internal Drains) of City Area.
2. Drain Cleaning Project, Cleaning Drain at Karmona Nala, Surkhet Road (Karnali D. Bank) to Dodhara Nala through Muktipur.

**निर्णय नं. १० :**

नेपालगंज उप-महानगरपालिकाको सरसफाईको ट्याक्टरको ठक्करबाट घाईते भएको माधव सिंह ठाकुरलाई औषधी उपचार वापत खर्च भएको रकम रु.४६५७१।- (छ्यालिस हजार पाँच सय एकहत्तर मात्र) अन्तिम पटकका लागी भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ११ :**

चीनको सुईनिङ्ग (Suining), सिचुवान प्रान्त (Sichuan Province) को निमन्त्रणा भए अनुसार २०२३ मार्च, २८ देखी ३१ सम्म ४ (चार) दिने भ्रमणका लागी नेपालगंज उप-महानगरपालिकाका नगर प्रमुख श्री प्रशान्त विष्ट र सूचना प्रविधि अधिकृत श्री घनश्याम बर्मालाई भ्रमणको सहमती प्रदान गर्ने र सो का लागी लाग्ने यातायात खर्च वापतको रकम नेपालगंज उप-महानगरपालिकाबाट व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ :**

यस नेपालगंज उप-महानगरपालिकाको आ.व. २०७९/८० को प्रदेश ससर्त अनुदान अन्तरगत बोरिङ सिचाई निर्माण नेपालगंज १४ र १५ मा रु १५-१५ (पन्ध्र-पन्ध्र) लाख विनियोजन भएको हुँदा उक्त कार्य वडा कार्यालयबाट सिफारिस भई आए बमोजिम उपभोक्ता समितिबाट संचालन गर्ने निर्णय गरियो ।

CamScanner

## मिति २०७९/११/२९ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

**निर्णय नं. १३ :**

United Nations office for Disaster Risk Reduction को पत्रानुसार Training of Trainers on Urban Resilience and Making Cities Resilient मा सहभागी हुन Republic of Korea मा २०२३ मे, १५ देखी १८ सम्म ४ (चार) दिने भ्रमणका लागी नेपालगंज उप-महानगरपालिकाका नगर प्रमुख श्री प्रशान्त विष्ट, प्रमुख प्रशासकीय अधिकृत श्री शिव प्रसाद रिजाल, संयोजक वातावरण तथा विपद व्यवस्थापन समिति समिर प्रताप सिंह, सिभिल इन्जिनियर भुपेन्द्र बोहरा र वातावरण इन्जिनियर श्री प्रकाश डि.सी. लाई भ्रमणको सहमती प्रदान गर्ने र सो का लागी लाग्ने भ्रमण खर्च तथा दैनिक भत्ता वापतको रकम UNDRR GETI बाट व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. १४ :**

स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानीय तह अन्तर्गत रहेका सार्वजनिक, सरकारी, ऐलानी जग्गाहरुको संरक्षण, सम्वर्द्धन र उचित प्रबन्ध गर्नु गराउनु पर्ने कर्तव्य र दायित्व यस नेपालगंज उप-महानगरपालिकाको पनि भएको, सार्वजनिक, सरकारी र ऐलानी जग्गा व्यक्ति विशेषले अतिक्रमण गरेको भन्ने जनगुनासो र उजुरी पर्ने गरेको, सार्वजनिक सम्पत्तिको संरक्षणका लागी सम्मानित अदालत बाट समेत विभिन्न मुद्दाहरुमा आदेश समेत हुने गरेका हुँदा नेपालगंज उप-महानगरपालिका भित्र रहेका सार्वजनिक, सरकारी र ऐलानी जग्गाहरुको एकिन गरी संरक्षण गर्ने गराउने, कुनै व्यक्ति विशेषले सार्वजनिक जग्गा अनाधिकृत रुपमा कब्जा गरेको वा कुनै संरचना निर्माण गरे गराएको भए सार्वजनिक सूचना जारी गरी सो कब्जा र निर्माण कार्य हटाई सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने निर्णय गरियो । सो निर्णय कार्यान्वयन र समन्वयको लागी सवै वडा समिति तथा नगर प्रहरीलाई परिचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५ :**

यस नेपालगंज उप-महानगरपालिकाको चालु आ.व. २०७९/८० को स्वीकृत, वजेट, योजना तथा कार्यक्रम अन्तर्गत नगरकार्यपालिका सदस्यहरुद्वारा संचालन हुने भनिएको कार्यक्रमहरु तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

**तपशिल**

१. विभिन्न विद्यालयहरु तथा मंगल महिला कलेज समेतमा अध्ययनरत दलित, मुस्लिम, गरिब, विपन्न छात्राहरुलाई साईकल वितरण कार्यक्रम - विनियोजित वजेट ८०००००।- (अक्षरुपी आठ लाख मात्र)

२. विभिन्न वडाहरुमा सिलाई कटाई तालिम प्राप्त गरिब, विपन्न, दलित, मुस्लिम महिलाहरुलाई सिलाई मेसिन वितरण कार्यक्रम - विनियोजित वजेट ८०००००।- (अक्षरुपी आठ लाख मात्र)

**निर्णय नं. १६ :**

यस नेपालगंज उप-महानगरपालिकामा सिभिल ईन्जिनियर सातौं तहमा कार्यरत श्री भुपेन्द्र बोहराले यस कार्यालयमा मिति २०७९/११/२८ गते पेश गर्नुभएको निवेदनानुसार लुम्बिनी वौद्ध विश्वविद्यालयबाट सम्बन्धन प्राप्त Lumbini International Academy of Science and Technology (LIAST), मानभवन, ललितपुरमा Master of Science in Disaster Risk Engineering Management विषयमा स्नातकोत्तर तहमा अध्ययन गर्नको लागि अनुमति माग गर्नुभएकोले हुँदा निजलाई कार्यालयको कामकाजमा वाधा अवरोध नपर्ने गरि अध्ययनका लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

CamScanner

## मिति २०७९/११/२९ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

**निर्णय नं. १७ :**

यस उपमहानगरपालिका, क्षेत्रीय / एकीकृत शहरी बिकास आयोजना र आ.व. ०६८/०६९ देखि नै संचालन भई सो आयोजना अन्तर्गतका मूख्य तथा भित्री सडकहरु र नालाहरु निर्माण भई योजनाहरुको फरफारक समेत भैसकेको र आयोजनाको केन्द्रिय समन्वय गर्ने, बजेट निकासा गरी अनुगमन तथा नियन्त्रण निर्देशनको जिम्मेवारी लिने गरी केन्द्रिय स्तरमा स्थापना भएको आयोजना समन्वय कार्यालयबाट चालु आ.व. ०७९।०८० मा समेत चालु बजेट प्राप्त भईरहेको र यसका लागि आयोजना कायान्वयन ईकाईको कार्यालय सुचारु भईरहेको सन्दर्भमा आयोजना समन्वय कार्यालयबाट RUDP Project अन्तर्गत बांकी रहेका कामहरु Assete Management Plan, GIS Based House Numbering Programme, Comprehenshive Financial Management Plan र Sanitation Action Plan समेत तयार गर्न Regional Urban Development Project, Project Co-ordination Office को समन्वयमा आयोजना कार्यान्वयन ईकाईका लागि जनशक्ती लगायतको व्यवस्थापन गरी उक्त बांकी Output 2 को उक्त कार्यहरु गर्न गराउन भए गरेका कामहरु अनुमोदन गरियो । साथै आयोजना कार्यान्वयन ईकाईका लागि चालु आ.व. को बा.की अवधिमा लाग्ने चालु खर्च बजेट व्यवस्था तथा निकासाका लागि क्षेत्रीय शहरी बिकास आयोजना, आयोजना समन्वय कार्यालयमा अनुरोध समेत गरी पठाउने निर्णय गरियो ।

CamScanner